आज मिति २०८१/०६/०१ गते मंगलबारका दिन यस रतुवामाई नगरपालिका, सिजुवा, मोरङ्गका नगर प्रमुख श्री नागेश्वर प्रसाद सिंह गन्गाईज्यूको अध्यक्षतामा नगर कार्यपालिकाको बैठक तपसिल अनुसारको उपस्थितिमा बसी देहायको प्रस्तावहरु माथि छलफल गरी निर्णय पारित गरियो ।

| क्र.सं. | नामथर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | श्री नागेश्वर प्रसाद सिंह गन्गाई | नगर प्रमुख | |
| २. | श्री दमयन्ता देवी चुडाल | नगर उप-प्रमुख | |
| ३. | श्री घनश्याम गिरी | १ नं. वडाध्यक्ष | |
| ४. | श्री जिमारत मियाँ | २ नं. वडाध्यक्ष | |
| ५. | श्री देवी लाल ताजपुरिया | ३ नं. वडाध्यक्ष | |
| ६. | श्री महावीर प्रसाद गन्गाई | ४ नं. वडाध्यक्ष | |
| ७. | श्री सोमनाथ कार्की | ५ नं. वडाध्यक्ष | |
| ८. | श्री टेक बहादुर लिम्बु | का.वा.वडाध्यक्ष-६ | |
| ९. | श्री ~~राम कार्की~~ मनदेवी ताजपुरिया | ७ नं. वडाध्यक्ष(का.वा.) | |
| १०. | श्री पुष्प बहादुर कार्की | ८ नं. वडाध्यक्ष | |
| ११. | श्री इन्द्र बहादुर लिम्बु | ९ नं. वडाध्यक्ष | |
| १२. | श्री भुल बहादुर कार्की | १० नं. वडाध्यक्ष | |
| १३. | श्री कल्याणी कुमारी ताजपुरिया | कार्यपालिका सदस्य | |
| १४. | श्री केचकनिया हरिजन | कार्यपालिका सदस्य | |
| १५. | श्री गीता कुमारी लिम्बु | कार्यपालिका सदस्य | |
| १६. | श्री गोमा हस्दा सतार | कार्यपालिका सदस्य | |
| १७. | श्री ज्योती परियार | कार्यपालिका सदस्य | |
| १८. | श्री प्रेम बहादुर राई | कार्यपालिका सदस्य | |
| १९. | श्री लुखीराम हस्दा | कार्यपालिका सदस्य | |
| २०. | श्री हरि बहादुर राई | कार्यपालिका सदस्य | |
| २१. | श्री संजय बहादुर राजलवट | सचिव(प्र.प्र.अ.) | |

Scanned with CamScanner

निर्णयहरु:

१. **मेडिकल अधिकृतहरुको सिफारिस तथा नियूक्ति समर्थन सम्बन्धमा ।**

प्रस्ताव नं. १ माथि छलफल गर्दा यस रतुवामाई नगरपालिकाको सेवा करारमा कर्मचारी व्यवस्थापन सम्बन्धी कार्यविधि २०८० बमोजिम गठित पदपूर्ति समितिले रतुवामाई नगर अस्पताल झुर्कियामा रिक्त रहेको मेडिकल अधिकृत आठौं तह माग पद संख्या दुईका लागि संचालन भएको लिखित तथा अन्तर्वार्ता परीक्षाको नतिजा अनुसार योग्यताक्रमका आधारमा छनौट तथा सिफारिस भएका देहायका सफल उम्मेदवारहरुको सिफारिस तथा नियूक्तिलाई समर्थन गर्ने निर्णय पारित गरियो ।

देहाय:

| क.सं. | उम्मेदवारको नामथर | ठेगाना | नियूक्ति मिति | NMC No. |
|---|---|---|---|---|
| १. | डा. समीक्षा गुरागाई | रतुवामाई-९ | २०८१/०६/०१ | ३५३९५ |
| २. | डा. विष्णु महतरा | उर्लाबारी-८ | २०८१/०६/०१ | ३४०२४ |

२. **सरुवा सहमति सम्बन्धमा ।**

प्रस्ताव नं. २ माथि छलफल गर्दा यस नगरपालिकाको कार्यालय र अन्तर्गतका कार्यालयहरुमा कार्यरत देहायका नामथर तथा पद भएका कर्मचारीहरु कोशी प्रदेशको स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० को दफा २४ को उपदफा ४ बमोजिम सरुवा सहमती उपलब्ध गराईदिन भनी निवेदन पेश गरेको हुँदा निजहरुलाई सरुवा भई जानको लागि मुख्य मन्त्री तथा मन्त्रीपरिषदको कार्यालय, कोशी प्रदेश, विराटनगरलाई सहमति पत्र लेखी पठाउने निर्णय सर्वसम्मतले पारित गरियो ।

| क. सं. | कर्मचारीको नामथर | सेवा/पद/तह | हाल कार्यरत | सरुवा भई जान चाहेको कार्यालय | कै. |
|---|---|---|---|---|---|
| १ | वसन्ता तिवारी | प्रशासन/सहायक पाँचौ | न.पा.कार्यालय | लेटाङ नगरपालिका, मोरङ | |
| २ | दिप्सन खुलाल कार्की | स्वास्थ्य/हे.अ./पाँचौ | आ.स्वा.के.-१० | उर्लावारी नगरपालिका, मोरङ | |
| ३ | रञ्जना अधिकारी | सव-इन्जिनियर/पाँचौ | न.पा.कार्यालय | बेलबारी नगरपालिका, मोरङ | |

Scanned with CamScanner

**३. करार कर्मचारीहरुको आधारभूत तलब स्केल सम्बन्धमा**

प्रस्ताव नं. ३ माथि छलफल गर्दा यस नगरपालिकामा अस्थायी तथा करारमा कार्यरत कर्मचारीहरुको विगत ३ वर्ष देखि बजेट अभावका कारण आधारभूत तलब वृद्धि गर्न नसकेकोमा अर्थ मन्त्रालयको प.सं.२०७९/०८०, च.नं.५७ र मिति २०७९/०४/३० गतेको नयाँ तलबमान र सुविधा सम्बन्धी पत्रानुसार पद/तह अनुसारको आधारभूत तलब स्केल कायम गरी २०८१ को श्रावण देखि लागुहुने गरि सम्झौता गर्ने निर्णय सर्वासहमतिले पारित गरियो ।साथै हिउदे नगर सभामार्फत यस निर्णयलाई अनुमोदनका लागि पेस गर्ने निर्णय गरियो।

**४. राजश्व परामर्श समितिको नदिजन्य पदार्थको उत्खनन् तथा विक्री निर्णय सम्बन्धमा ।**

प्रस्ताव नं. ४ माथि छलफल गर्दा यस नगरपालिकाको सिमाना भएर बग्ने ब्रकाहा खोलाको पूर्व किनार र रतुवाखोलाको पश्चिम किनारमा भएको प्लाष्टर तथा भरौट वालुवाको उत्खनन् तथा विक्रीको लागि प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन अनुसार चालु आ.व २०८१/८२ को लागि राजश्व परामर्श समितिको मिति २०८१/०५/३० गते वसेको वैठकको सिफारिस अनुसार विभिन्न घाटको परिमाण बमोजिम ठेक्का सूचना (घाट अनुसार फरक फरक) आह्वान गर्ने निर्णय सर्वसहमतिले पारित गरियो।

**<u>विविध :</u>**

**१. घ वर्गको निर्माण व्यवसायी इजाजत सम्बन्धमा ।**

यस नगरपालिकामा स्थायी ठेगाना र कार्यालय रहने गरी "घ वर्गको निर्माण व्यवसायीहरुको इजाजत पत्रका लागि पेश हुन आएका तपसिलका निर्माण व्यावसयीहरुको इजाजतपत्रका लागि "घ" वर्गको निर्माण व्यवसायी ईजाजत पत्र सम्वन्धि कार्यविधी २०७५,(संशोधन समेत), अनुसारको समितिबाट आवश्यक कागजपत्रहरु जाँच बुझ गरी सिफारिस भई आएका तपशिल अनुसारका निर्माण व्यवसायीहरुलाई थप अध्ययन गरी आगामी कार्यपालिकामा पेस गर्ने निर्णय गरियो ।

तपसिलः

| क्र.सं. | निर्माण व्यवसायीको नाम | ठेगाना | संचालक |
|---|---|---|---|
| १ | पूर्वेली इन्फ्रास्ट्रक्चर एण्ड इन्जिनियरिङ्ग प्रा.लि. | बढानिलकण्ठ-१२ | भुवन थापा |
| २ | गोपेश्वर कन्ष्ट्रक्सन प्रा.लि. | रतुवामाई-१० | गीता रानामगर |
| ३ | निरक कन्ष्ट्रक्सन एण्ड सप्लायर्स | रतुवामाई-१० | निर्मल भण्डारी |
| ४ | आरोग्य कन्ष्ट्रक्सन | रतुवामाई-६ | रत्न प्रसाद पोखेल |

Scanned with CamScanner

| | | | |
|---|---|---|---|
| ५ | जाबुल कन्ष्ट्रक्सन | रतुवामाई-२ | जावुल रहमान |

**२. न्यायिक समितिको स्टोरमा रहेको प्रयोग गर्न नमिल्ने खाद्यसामाग्रीको नष्ट गर्ने सम्बन्धमा ।**

प्रस्ताव नं २ माथि छलफल गर्दा रतुवामाई नगरपालिकाको न्यायिक समितिको स्टोरमा रहेका खाद्य सामाग्रीहरुको सन्दर्भमा मिति २०८१/०४/२१ गते गरिएको सर्जमिन मुचुल्काको आधारमा मिति २०८१/०४/२३ गते यस कार्यालयमा पेस भएको प्रतिवेदन उपर छलफल गरि २५ के.जीको १० बोरा सोना मन्सुली चामल, २५ के.जी को ४ बोरा जिरा मन्सुली चामल गरी १४ बोरा चामल खान योग्य नरहेका देखिएकोले उक्त  खाद्य सामाग्रीहरु तत्काल नष्ट गर्ने निर्णय गरियो ।

**३. सूचना प्रविधि अधिकृत, एम.आई.एस अपरेटर,फिल्ड सहायक र एक गाउ एक प्राविधिकको तलब सम्बन्धमा ।**

प्रस्ताव नं ३ माथि छलफल गर्दा यस रतुवामाई नगरपालिकामा कार्यरत सूचना प्रविधी अधिकृतको तलबको २५% , पंजीकरण शाखाको एम.आई.एस अपरेटर,फिल्ड सहायकको ५०% तलब र कृषि तथा पशुपन्छी शाखा अन्तर्गत एक गाउ एक प्राविधिकको तलबको ५०% तलब स्थानीय तहले व्यहोर्नु पर्ने नियमानुसार व्यहोरी तलब भुक्तानी गर्ने सर्वसहमतिले निर्णय गरियो ।

**४. तहवृद्धी सम्बन्धमा।**

प्रस्ताव नं. ४ माथि छलफल गर्दा यस रतुवामाई नगरपालिकामा कार्यरत तपशिल अनुसारका कर्मचारीहरुको  स्थानीय सरकारी सेवाको गठन, संचालन र सेवाका शर्तहरु सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०८० को दफा २७ अनुसार रतुवामाई नगरपालिकाको तहवृद्धि समितिको मिति २०८१/०४/०१ गते देखि ज्येष्ठता लागू हुने गरिएको निर्णय तथा सिफारिसलाई समर्थन गर्ने सर्वसहमतिले निर्णय गरियो ।

| क्र.स. | कर्मचारीको नामथर/ | हालको पदतह/ | तहवृद्धि हुने पदतह / | सेवासमुह/ |
|---|---|---|---|---|
| १ | निता सिग्देल | लेखा अधिकृतअधिकृत / सातौं | लेखा अधिकृतअधिकृत / आठौं | प्रशासनलेखा/ |

Scanned with CamScanner

| | | | | |
|---|---|---|---|---|
| २ | बाबुराम ढकाल | सिपाँचौ/व.हे.अ. | सिअधिकृत/व.हे.अ. छैटौ | हेई. |
| ३ | मनोज कुमार चौधरी | सिपाँचौ/व.हे.अ. | सिअधिकृत छैटौ/व.हे.अ. | हेई. |

**५. सिचाई मिटर महशुल अनुदान सम्बन्धमा ।**

रतुवामाई नगरपालिकाको वार्षिक स्वीकृत कार्यक्रम अनुसार सिचाई महशुल अनुदान दिने कार्यक्रम अनुसार किसानको सिचाई मिटरमा उठेको महशुल अनुसार भुक्तानी गर्दै आएकोमा केहि सिचाई मिटरको महशुल अस्वाभाविक र अत्याधिक देखिन आएको हुदा नगरपालिकाको व्ययभारले नथेग्ने हुदा नगरपालिकाले भुक्तानी गर्ने अधिकतम सीमा वार्षिक रु.६,०००/- (छ हजार रुपैयामात्र ) कायम गर्ने निर्णय गरियो।

**६. नापी तथा मालपोत कार्यालय सम्बन्धमा ।**

रतुवामाई नगरपालिकाको वडा नं.८ ,९ र १० का वडाहरुको जग्गाको काम कार्यवाही नापी कार्यालय बेलबारी र मालपोत कार्यालय बेलबारी मार्फत हुदै आएकोमा उर्लाबारी नगरपालिकामा कार्यालय रहनेगरी सेवा विस्तार गर्ने कार्यले रतुवामाई नगरपालिकाका नगरवासीहरुले लाभ प्राप्त गर्ने हुदा उर्लाबारी नगरपालिकामा स्थापना हुने नापी तथा मालपोत कार्यालयलाई समर्थन गर्ने सर्वसहमतिले निर्णय गरियो ।

**७. सडक वत्तीको व्यवस्थापन सम्बन्धमा ।**

रतुवामाई नगरपालिका क्षेत्र भित्र सडक वत्तिको व्यवस्थापन गर्दा महसुल भुक्तानीको समयमा समस्या उत्पन्न भएको हुदा अव उपरान्त सडक वत्ति जडान गर्दा वडा कार्यालयको सिफारिस अनुसार मिटर राखेर मात्र सडक वत्ति जडान गर्ने निर्णय गरि सोही अनुसारको महशुल मात्र नगरपालिकाले भुक्तानी गर्ने निर्णय गरियो ।

**८. प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन सम्बन्धमा ।**

प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत चालु आ.व मा रोजगार सेवा केन्द्रमा सूचिकृत हुने बेरोजगार व्यक्तिको संख्या ११० रहेकोमा चालु आ.व २०८१/८२ को शसर्त अनुदान अन्तर्गत युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजना (युवारूप) अन्तर्गत ४० जना र नेपाल सरकार अन्तर्गत १० जनालाई न्युनत्तम १०० दिने रोजगारी प्रदान गर्ने गरी बजेट विनियोजन भई आएकोहुदा रतुवामाई नगरपालिकाका १० वटा वडामा प्रति वडा ५/५ जना बेरोजगारहरुलाई प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत संचालन हुने सामुदायिक आयोजनामा संलग्न गराउने सर्वसहमतिले निर्णय गरियो ।साथै सुचिकृत वेरोजगार व्यक्तिहरु मध्येबाट

Scanned with CamScanner